नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी, इनरुवा

☎ ०२५६५१७२ { ५६०१५१, ५६१८७९, ५६००२२, निवास
फ्याक्स ५६१७२८



## सूचना

१. मिति २००७७/०४/२१ गते देखी लागु गरिएको जिल्ला भित्रको निषेधित क्षेत्रको घोषणालाई निम्नानुसारका बाध्यात्मक मापदण्ड पालना गर्ने गरी मिति २०७७/०५/१७ गते रात्री १२:०० बजे देखी केही समयका लागि केही खुकुलो गर्ने DCCMC को मिति २०७७/०५/१७ गते निर्णय भए बमोजिम सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>सर्वसाधारणका लागिः</u>

- अत्यावश्यक काम नपरि घरवाट बाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य मापदण्ड (साबुन पानिले हात धुने, मास्क र सेनिटाईजरको प्रयोग) अनिवार्य रुपले गर्ने ।
- एकै स्थानमा जम्मा भई भेला, जुलुस, सम्मेलन, छलफल, गोष्ठी नगर्ने ।
- हाट, मेला, जात्रा, महोत्सब, पार्टि, भोज, भिडभाड हुने कार्य नगर्ने ।
- जिल्लाभरीको कुनै पनि स्थानमा राति ९ बजे देखि बिहान ५ बजे सम्म हिडडुल नगर्ने । अत्यावश्यक बाहेक १० बर्ष भन्दा मुनि तथा ६० बर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगी लाई कुनै पनि काममा घर बाहिर आवत जावत गर्न नदिने ।
- Covid-19 को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकका स्वास्थ्य संस्था वा स्थानीय निकायमा सम्पर्क राख्ने ।

<u>बजार पसल खोल्नका लागिः</u>

- पसलहरु प्रत्येक दिन बिहान १०:०० बजे सम्म मात्र खोल्ने ।
- पसलमा भिडभाड हुन नदिने व्यवस्था (पसल अगाडी निश्चित दुरीमा डोरीको घेरा बनाउने, भौतिक दुरी २ मिटर कायम गर्न लाईनमा गोलो घेरा बनाउने) सम्बन्धित व्यवसायीले मिलाउने ।
- सर्वसाधारणले सजिलै देख्न सक्ने गरी मूल्य सूची अनिवार्य राख्नु पर्ने छ ।
- पसलमा बस्ने व्यवसायी तथा कर्मचारीहरुले अनिवार्य रुपमा मास्क र पञ्जा प्रयोग गर्नु पर्ने छ । साथै मास्क नलगाई आएका ग्रहकलाई सामान/बस्तु बिक्रि बितरण गर्न पाईने छैन ।
- ग्राहकका लागि पसल बाहिर हात धुने साबुन पानि अथवा स्यानिटाईजर अनिवार्य रुपमा राख्नु पर्ने छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

☎ ०२५५६०१५१, ५६१८७९, ५६००२२, ०२५५६५१७२ निवास
🖷 ५६१७२८

- पसलमा दैनिक Disinfection गर्ने, रकमको कारोबार पश्चात प्रत्येक पटक Sanitizer प्रयोग गर्ने ।
- Department Store वा ठुला पसलमा उपरोक्त सावधानी सहित Gate मा ग्राहकको तापक्रम मापनका लागि Thermal Gun प्रयोग गर्ने ।
- होटल तथा रेष्टुरेन्टले Onlin Order का Home Delivery तथा ग्राहक स्वयं आएर Packing गरी लैजाने Take Away बिधिलाई प्रयोग गरी सञ्चालन गर्ने । होटलमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाउने ।
- हाललाई सैलुन, ब्युटि पार्लर, स्पा, ब्यायमसाला जस्ता व्यवसाय सञ्चालन नगर्ने ।
- फुटपाथमा सामान बिक्रि गर्न र दैनिक तथा साप्ताहिक हाट बजार अर्को व्यवस्था नहुन्जेल निषेध गर्ने ।

<u>सिटी सफारि (ई-रिक्सा) सञ्चालनका लागिः</u>

- प्रत्येक दिन Disinfection गर्नु पर्ने ।
- चालकले अनिवार्य रुपमा मास्क प्रयोग गर्नु पर्ने ।
- प्रवेश गर्नु पूर्व यात्रुलाई Sanitizer उपलब्ध गराउने ।
- मास्क नलगाएको यात्रुलाई सवारी साधनमा प्रवेश नदिने ।
- भाडा लिंदा/दिंदा अनिवार्य रुपमा Sanitizer गर्ने ।
- सवारी साधन भित्र खाद्यान्न बिक्रि बितरण गर्ने कार्य गर्न नपाउने ।
- यातायात मापदण्ड पालना गरी बढीमा २ जना मात्र यात्रु राखेर सञ्चालन गर्ने ।
- जोर बिजोर प्रणालि अन्तर्गत सिटी सफारी सञ्चालन गर्ने ।

➢ **सरकारी कार्याल, बैंक तथा बित्तिय संस्थाहरु नेपाल सरकारको पूर्व निर्णयानुसार कार्यालयमा भिडभाड नहुने गरी सञ्चालन गर्ने ।**

साथै लामो समय सम्म निषेधित क्षेत्र कायम गर्न सहायोग गर्नु हुने सर्वसाधारण, उद्योगि, व्यवसायी, जनप्रतिनिधि, स्थानीय तह, स्वास्थ्य संस्था र सुरक्षा निकायलाई धन्यवाद ज्ञापन गर्दै उपरोक्त अनुसारका बाध्यात्मक व्यवस्था पालना गरी बन्द ब्यापार व्यवसाय सञ्चालनमा सहयोग पूर्याई दिनु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

२०७७/०५/१६
सहायक प्रमुख जिल्ला अधिकारी

२०७७/०५/१७